# भोकाहा नरसिंह गाउँपलिका
# गाउँ कार्यपालिकाको कार्यालय

चिरौली, सुनसरी

**बोलपत्र आव्हान वा E-Bidding को सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७५/११/३०**

यस कार्यालयको आ.व. ०७५/७६ मा गा.पा.को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र वा e-bidding को माध्यम बाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु

१. तपसिलमा उल्लिखित दस्तुर यस कार्यालयको नाममा रहेको लक्ष्मी बैंकको खाता नं.०७९११०००५०७ मा जम्मा गरेको सक्कल भौचर निर्माण व्यवसायीले व्यवसाय नविकारण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी www.bolpatra.gov.np मा गई बोलपत्र फारम पेस गर्नुपर्नेछ।

२. दर्ता भएका बोलपत्रहरु अन्तिम दर्ता गर्नु पर्ने दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा भोकाहा नरसिंह गाउँपालिका कार्यालय, चिरौली खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ।

४. बोलपत्र पेस गर्दा भोकाहा नरसिंह गाउँपालिका कार्यालय, चिरौलीको नाममा लक्ष्मी बैंक, चिरौली शाखामा रहेका धरौटी खाता नं. ०७९११०००५०७ मा तल उल्लिखत नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंक “क” वर्गको मान्यता प्राप्त बैंक बाट भोकाहा नरसिंह गाउँपालिका कार्यालय, चिरौलीको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्वर अनिवार्य रुपमा उल्लेख भएको बोलपत्र जमानत पत्र ( बोलपत्र दखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेका हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। कोरमेट भएको ठाउँमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ।

६. संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पाटर्नर) को हिस्सा कम्तीमा ४० प्रतिशत तथा अन्य साझेदारहरुको हिस्सा कम्तीमा २५ प्रतिशत हुनुपर्नेछ।

७. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

८. रीत नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन अएका बोलपत्रहरु मान्य हुनेछैन।

९. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफनै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ।

१०. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ।

१२. यो सुचना सार्वजनिक खरिद अनुगमनको कार्यालयको website : www.bolpatra.gov.np/egp र भोकाहा नरसिंह गाउँपालिका कार्यलयको website : www.bhokrahamun.gov.np मा समेत राखिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बजेट रकम | धरौटी रकम रु. | फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Bhok/NCB/works /075-76/12 | जगदेवको घर देखि पश्चिम सर्दो खोला हुदैं सुकसेना शाखाको नहर सम्म बाटो ग्रामेल भोकाहा नरसिंह-७ सुनसरी | ४४०००००। | ११००००। | ३०००। | |
| २. | Bhok/NCB/works /075-76/13 | Kali Mandir dekhi Pashchim Sukhsena Shakha Nahar Jodne, BhokrhahaRM, 7 bato Gravel | २६०००००। | ६५०००। | ३०००। | |

प्रमुख प्रशासकीय अधिकृत